संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -३४

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:३५ बजे*
*बैठक अन्त्य : १:१९ बजे*

२०७९ असार २३, बिहीबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **चौतिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:३५** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो :

मा. खिमलाल देवकोटा

मा. प्रकाश पन्थ

मा. खिमलाल भट्टराई

मा. देवेन्द्र दाहाल

तत्पश्चात सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान

तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्मानीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यले उक्त छलफलमा भाग लिनुभयो :

मा. जयन्ती देवी राई

मा. अनिता देवकोटा

मा. तुलसा कुमारी दाहाल

मा. दिल कुमारी रावल थापा (पार्वती)

मा. भैरव सुन्दर श्रेष्ठ

तत्पश्चात सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रश्नहरूको जवाफ दिनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक

रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले , प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट अर्थ मन्त्रालयको कार्यभार तोक्नु भएको सम्बन्धी प्राप्त पत्रको बेहोरा देहाय बमोजिम पढेर सुनाउनुभयो:

"विषय: कार्यभार तोक्नु भएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय अर्थ मन्त्री श्री जनार्दन शर्माले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्रीबाट राजीनामा दिनु भएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नु भएको बेहोरा अनुरोध गर्दछु ।

(डा. तोयानारायण ज्ञवाली)
सचिव

२०७९/०३/२२"

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार २८ गते मङ्गलबार बिहान ११:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव